प्रदेश सरकार

# आर्थिक मामिला तथा योजना मन्त्रालय

प्रदेश नं. ५

बुटवल, नेपाल

पत्र संख्या : ०७५/०७६

चलानी नं. : २८६

आर्थिक मामिला तथा योजना मन्त्रालय प्रदेश नं. ५ बुटवल, नेपाल

मितिः २०७५।०८।१३

बिषयः मार्गदर्शन/ढाँचा/मापदण्ड पठाएको सम्बन्धमा ।

श्री स्थानीय तहहरु (१०९ वटा) सबै
प्रदेश नं. ५ ।

प्रस्तुत विषयमा प्रदेश नं. ५, प्रदेश सरकारको आ.व. २०७५/०७६ को बजेटमा स्थानीय तहहरुलाई बहुउद्देश्यीय हल निर्माण तथा खेलकुद मैदान निर्माणका लागि शसर्त अनुदानको व्यवस्था गरेको व्यहोरा विदितै छ । आयोजना कार्यान्वयनका लागि यस मन्त्रालयवाट स्वीकृत **"बहुउद्देश्यीय हल र खेलकुद मैदानको अवधारणा पत्र"** र प्रदेश नं. ५, भौतिक पूर्वाधार विकास मन्त्रालयवाट प्राप्त **"बहुउद्देश्यीय हल निर्माण गर्दा ध्यान दिनुपर्ने कुराहरु"** तथा बहुउद्देश्यीय हलको "नमुना नक्सा" यसैपत्रसाथ संलग्न गरी कार्यार्थ पठाइको व्यहोरा आदेशानुसार अनुरोध छ ।साथै नक्साको AutoCAD को Soft Copy भौतिक पूर्वाधार विकास मन्त्रालयको website:www.mopid.p5.gov.np मा उपलब्ध रहेको व्यहोरा समेत अनुरोध छ ।

.........................
(नेत्रप्रसाद घिमिरे)
शाखा अधिकृत

# बहुउद्देश्यीय सभाहल र खेल मैदानको अवधारणा

प्रदेश सरकार आर्थिक मामिला तथा योजना मन्त्रालय प्रदेश नं. ५ बुटवल, नेपाल

प्रदेश नं. ५, प्रदेश सरकारले आ.व. २०७५/७६ को बजेटमा नगरपालिका र गाउँपालिकाहरुलाई बहुउद्देश्यीय सभाहल र खेल मैदान निर्माण गर्नको लागि शशर्त अनुदानको व्यवस्था गरेको सन्दर्भमा यसलाई अवधारणागत रुपमा प्रष्ट पार्न यो अवधारणापत्र प्रस्तुत गरिएको छ ।

(क) बहुउद्देश्यीय सभाहल

१. यस्तो हल कमसेकम २०० जनासम्म अटाउन सक्ने आकारको हुनुपर्दछ ।

२. त्यसलाई सभा, सम्मेलन, अन्तरक्रिया, गोष्ठी, सामाजिक कार्य, विपद्को बेला उद्धार कार्य, आकस्मिक अवस्थामा प्रयोग गर्न सकिने खालको हुनुपर्दछ ।

३. यस्तो सभाहल पहिरो नजाने, खोलाले नखाने र पर्याप्त फराकिलो खुला स्थान भएको ठाउँमा बनाउनु पर्नेछ ।

४. प्रदेश नं. ५, प्रदेश सरकारको भौतिक पूर्वाधार विकास मन्त्रालयले नमुना नक्सा बनाई आर्थिक मामिला तथा योजना मन्त्रालयको समेत सहमति लिई पालिकाहरुलाई उपलब्ध गराउने छ । (नमूना नक्सा यसैसाथ संलग्न छ)

५. यो सभाहलमा प्रदेशले उपलब्ध गराएको बजेटका अतिरिक्त पालिकाहरुले आफ्नो तर्फबाट थप लगानी गरी कार्य सम्पन्न गर्न सक्नेछन् । पालिकाबाट थप विनियोजन हुन नसक्ने अवस्थामा बहुवर्षीय योजनाको रुपमा सञ्चालन गर्नुपर्ने भएमा आर्थिक मामिला तथा योजना मन्त्रालयको पूर्व स्वीकृति लिई सञ्चालन गर्नु पर्नेछ ।

६. सभाहल बनाउँदा पालिकाको पायक पर्ने स्थानमा पालिकाको कार्यपालिकाले निर्णय गरी बनाउनु पर्नेछ ।

७. सभाहल निर्माण भई सकेपछि त्यसका लागि चाहिने फ्लोरिङ्ग फर्निसिङ्ग, फर्निचर आदि पालिका आफैले व्यवस्था गर्नु पर्नेछ ।

सचिव

८. प्रदेश सरकारले उपलब्ध गराएको नमूना डिजाइनमा जग्गाको प्रकृति अनुसार सामान्य थपघट गर्न सकिनेछ ।

९. हल निर्माण गर्दा भौतिक पूर्वाधार विकास मन्त्रालयबाट जारी प्राविधिक निर्देशनलाई समेत ध्यान दिनुपर्नेछ । (प्राविधिक निर्देशन यसैसाथ संलग्न रहेको छ)

(ख) खेल मैदान

१. स्कूल, कलेज, बजार, पालिका केन्द्रको नजिक पर्ने गरी ट्र्याक एण्ड फिल्ड सहितको खेल मैदान विकास गर्नु पर्नेछ ।

२. जग्गा विकास तथा घेराबारा गर्न शशर्त अनुदानको रकम खर्च गर्न सकिनेछ ।

३. खेल मैदान निर्माणका लागि सार्वजनिक वा स्थानीय तहको स्वामित्वमा रहेको जग्गा हुनुपर्नेछ ।

४. खेल मैदानमा पानी तथा ढल निकासाको उपयुक्त व्यवस्था हुनुपर्नेछ ।

५. खेल मैदानमा खेलाडीहरुको लागि Changing Room तथा आकस्मिक र प्राथमिक उपचारका लागि कोठाको व्यवस्था गर्नुपर्नेछ ।

सचिव

बहुउद्देश्यी हल निर्माण गर्दा ध्यान दिनु पर्ने कुराहरु

१. हल निर्माण गर्दा राष्ट्रिय भवन संहिताले तोकेको प्रावधान अनुसार गर्नु पर्नेछ । राष्ट्रिय भवन संहिता शहरी विकास तथा भवन निर्माण विभागको Website : www.dudbc.gov.np मा उपलब्ध रहेको छ ।

२. नक्साको AutoCAD को Soft Copy भौतिक पूर्वाधार विकास मन्त्रालयको Website: www.mopid.p5.gov.np उपलब्ध रहेको छ ।


३. हल निर्माण गर्दा इटा वा ढुंगाहरु प्रयोग गर्न सकिनेछ ।

४. हलको गारो लगाउँदा हाल बजारमा उपलब्ध हुने सिमेन्ट वोर्ड/Prefab आदि विकल्पको रुपमा प्रयोग गर्न सकिनेछ ।

५. मन्त्रालयबाट Website मा राखिएको बहुउद्देश्यीय हलको नक्सामा जग्गाको प्रकृति अनुसार सामान्य थप/घट गर्न सकिनेछ ।

६. नक्सा अनुसारको लागत अनुमान तयारी, निर्माण सुपरभिजन, नापजाँच/जाँच पास सम्बन्धित न.पा./ गा.पा. का प्राविधिक कर्मचारीबाट गराउनु पर्नेछ ।

७. यस सम्मबन्धि प्राविधिक कुरा बुझ्न आवश्यक परेमा नजिकको शहरी विकास तथा भवन कार्यालयमा सम्पर्क गर्न सकिनेछ ।





# GROUND FLOOR PLAN

**(4242 SQ.FT)**

**SCALE- 1" =8'0'**

सचिव




# GROUND FLOOR PLAN( LODGING LAYOUT)


(4242 SQ.FT)

SCALE - 1"=8'0"


सचिव




FRONT ELEVATION



BACK ELEVATION




LEFT SIDE ELEVATION



RIGHT SIDE ELEVATION


सचिव




## SECTION AT A-A


SCALE - 1"=4'0"

सचिव





## TRUSS DETAIL -1

SCALE - 1"=2'0'



## TRUSS DETAIL -2

SCALE - 1'=2'0"




TRUSS DETAIL
Scale 1:50

सचिव